# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४९) काठमाडौं, पुस १९ गते २०५६ साल ( संख्या ३७

## भाग ३

### श्री ५ को सरकार

### जलस्रोत मन्त्रालयको सूचना

### सिंचाई नियमावली, २०५६

जलस्रोत ऐन, २०४९ को दफा २४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएको छ ।

परिच्छेद - १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम " सिंचाई नियमावली, २०५६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२ परिभाषा : विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले जलस्रोत ऐन, २०४९ सम्झनु पर्छ ।

(ख) "सिंचाई" भन्नाले कृषिजन्य उपयोगको लागि संरचनाबाट जग्गा जमिनमा पानी पुऱ्याउने प्रक्रिया सम्झनु पर्छ ।

(ग) "संरचना" भन्नाले स्रोतबाट पानी जम्मा गर्न, नियन्त्रण गर्न वा वितरण गर्न बनाईएको बाँध, नहर, शाखा नहर, प्रशाखा नहर, कुलो, कुलेशी, पैनी तथा त्यस प्रयोजनको लागि बनेको बाटो, डिल, पुल, पुलेसो र प्रयोग भएका भवन, मेशिन, यन्त्र, उपकरण र त्यसले चर्चेको क्षेत्र सम्झनु पर्छ र सो शब्दले भूमिगत सिंचाईको हकमा ट्युवेल, पम्प, पम्पघर तथा अन्य विद्युतीय उपकरण एवं वितरण प्रणाली समेतलाई जनाउँछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) "उपभोक्ता संस्था" भन्नाले नियम ३ बमोजिम दर्ता भएको उपभोक्ता संस्था सम्झनु पर्छ ।

(ङ) "सेवा" भन्नाले परियोजनाबाट उपभोक्तालाई उपलब्ध गराईएको सिंचाई सेवा सम्झनु पर्छ ।

(च) "सिंचाई तथा नदी नियन्त्रण समिति" भन्नाले नियम १४ बमोजिम गठन हुने समिति सम्झनु पर्छ ।

(छ) "परियोजना" भन्नाले श्री ५ को सरकारले विकास गरी सञ्चालन गरेको वा अनुमति प्राप्त व्यक्तिले सञ्चालन गर्ने सिंचाई सम्बन्धी परियोजना सम्झनु पर्छ र सो शब्दले श्री ५ को सरकारले उपभोक्ता संस्थालाई हस्तान्तरण गरेको परियोजना वा उपभोक्ता संस्था आफैले विकास गरी सञ्चालन गरेको परियोजना समेनलाई जनाउँछ ।

(ज) "परियोजना समिति" भन्नाले नियम ३१ बमोजिम गठन हुने परियोजना समिति सम्झनु पर्छ ।

(झ) "सेवाशुल्क" भन्नाले सेवा उपभोग गरे बापत उपभोक्ताले परियोजना कार्यालयलाई तिर्नु बुझाउनु पर्ने शुल्क वा दस्तुर सम्झनु पर्छ ।

(ञ) "विभाग" भन्नाले श्री ५ को सरकारको सिंचाई विभाग सम्झनु पर्छ ।

(ट) "परियोजना कार्यालय" भन्नाले श्री ५ को सरकारले विकास गरी सेवा संचालन गरेको सिंचाईको हकमा त्यस्तो सिंचाई संचालन गर्ने परियोजनाको कार्यालय तथा श्री ५ को सरकारले विकास गरी उपभोक्ता संस्थालाई हस्तान्तरण गरेको सिंचाईको हकमा त्यस्तो सिंचाई संचालन र व्यवस्थापन गर्ने उपभोक्ता संस्थाको कार्यालय र अनुमति प्राप्त व्यक्तिले विकास गरी संचालन र व्यवस्थापन गरेको सिंचाईको हकमा त्यस्तो सिंचाई संचालन र व्यवस्थापन गर्ने कार्यालय सम्झनु पर्दछ ।

## परिच्छेद-२

## उपभोक्ता संस्था तथा परियोजना हस्तान्तरण सम्बन्धी व्यवस्था

३. उपभोक्ता संस्थाको दर्ता : (१) श्री ५ को सरकारले विकास गरी संचालन गरेको कुनै सिंचाई प्रणालीको उपयोग गर्न चाहने उपभोक्ताहरुले कम्तीमा दुईजना महिला सहित नौ जना सम्मको कार्य समिति रहेको उपभोक्ता संस्था गठन गरी अनुसूची १ को ढाँचामा सोही अनुसूचीमा उल्लिखित दस्तुर सहित सम्बन्धित सिंचाई कार्यालयमा दर्ताको लागि दरखास्त दिनुपर्ने छ ।

(२) उपनियम (१) बमोजिम उपभोक्ता संस्था गठन गर्दा जुन नहर, शाखा नहर, प्रशाखा नहर, कुलो, कुलेसोबाट वितरित पानी उपयोग गर्ने हो त्यस्तो नहर, शाखा नहर, प्रशाखा नहर, कुलो, कुलेसोबाट हुने सिंचित क्षेत्रको उपभोक्ता मध्ये कम्तीमा सतसठ्ठी प्रतिशत उपभोक्ताको प्रतिनिधित्व हुनु पर्नेछ । प्रत्येक उपभोक्ता सो संस्थाकों स्वतः साधारण सदस्य भएको मानिनेछ ।

स्पष्टीकरण : यस उपनियमको प्रयोजनको लागि "सिंचित क्षेत्र" भन्नाले सिंचाई प्रणालीको प्रकृति तथा विस्तारका आधारमा नहर, शाखा नहर, प्रशाखा नहर, कुलो वा कुलेसोबाट उपभोक्ताका लागि पानी वितरण गर्न निर्माण गरिएको डिभिजन बक्स वा टर्नआउटबाट बहेको पानीले सिंचित हुने क्षेत्रलाई सम्झनु पर्छ ।

(३) उपनियम (१) बमोजिम पर्न आएको दरखास्त उपर आवश्यक जाँचबुझ गरी सात दिनभित्र उपभोक्ता संस्था दर्ता गरी अनुसूची- २ को ढाँचामा दर्ता प्रमाणपत्र दिनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
2565

तर, दरखास्त जांचबुझ गर्दा कुनै कुरा नमिलेको वा सोही सिंचित क्षेत्रको लागि पहिले नै उपभोक्ता संस्था दर्ता भइसकेको वा प्रचलित कानून बमोजिम दर्ता गर्न नमिल्ने अवस्था भएमा दरखास्त परेको सात दिनभित्र सोही व्यहोराको जानकारी सम्बन्धित उपभोक्तालाई दिनु पर्नेछ।

४. उपभोक्ता संस्थाको निर्वाचन : उपभोक्ता संस्थाको निर्वाचन तथा कार्य समितिको पदावधि सो संस्थाको विधानमा उल्लेख भए बमोजिम हुनेछ।

तर, कुनै उपभोक्ता संस्थाले यस नियम बमोजिम हस्तान्तरणको माध्यमबाट प्राप्त सिंचाई प्रणालीको सुसंचालन गर्न नसकेको कुरा उल्लेख गरी सो संस्थाका साधारण सदस्य संख्याको दुई तिहाई सदस्यको निवेदन पर्न आएमा वा कुनै उपभोक्ता संस्थाको कार्य समितिले यस नियमावली वा स्वीकृत विधान विपरीत काम गरेको पाईएमा त्यस्तो कार्य समितिलाई सम्बन्धित सिंचाई कार्यालयले विभागको स्वीकृतीमा विघटन गर्न सक्नेछ। यसरी विघटन गरेकोमा सो संस्थाको विधान बमोजिम सम्बन्धित सिंचाई कार्यालयको प्रत्यक्ष रेखदेखमा तीन महिनाभित्र कार्यसमितिको निर्वाचन गराउनु पर्नेछ।

५. उपभोक्ता संस्थाको काम, कर्तव्य र अधिकार : (१) उपभोक्ता संस्थाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आफूले सञ्चालन गरेको सिंचाई प्रणालीको मर्मत सम्भार, सञ्चालन तथा व्यवस्थापन गर्ने,

तर संरचनालाई असर पर्ने गरी यन्त्र उपकरण आदिको फेरवदल वा हेरफेर गर्न परेमा सम्बन्धित सिंचाई कार्यालयको पूर्व स्वीकृति लिनु पर्नेछ।

(ख) बालीको किसिम र जमिनको अवस्था अनुसार उपभोक्ता कृषकहरुलाई ठीक समयमा उचित मात्रामा सिंचाईको लागि पानी उपलब्ध गराउने,

(ग) सेवा उपलब्ध हुन नसकेका जग्गाको लगत राख्ने र त्यस्ता उपभोक्ताले तिर्नु पर्ने सेवा शुल्क मिनाहाको लागि सिफारिश गर्ने,

(घ) पहिले सेवा प्राप्त गरिरहेका उपभोक्तालाई मर्का नपर्ने गरी अरु नयां कृषक उपभोक्तालाई पानी वितरण गर्ने,

(ङ) सिंचाई प्रणालीको मर्मत सम्भारमा जनसहभागिता परिचालन गर्ने,

(च) पानीको अपूर्तिलाई विचार गरी सिंचाई क्षेत्र बृद्धि गर्न थप संरचनाको निर्माण गर्ने।

(२) संरचनाको मर्मत संभार गर्नुपर्दा कुनै किसिमको प्राविधिक परामर्शको आवश्यक भएमा उपभोक्ता संस्थाले सम्बन्धित सिंचाई कार्यालयमा अनुरोध गर्न सक्नेछ र यसरी अनुरोध भई आएमा सम्बन्धित सिंचाई कार्यालयले आवश्यक प्राविधिक परामर्श उपलब्ध गराइ दिनु पर्नेछ।

(३) उपभोक्ता संस्थाले उपनियम (१) बमोजिम आफूलाई प्राप्त काम, कर्तव्य र अधिकार मध्ये केही काम, कर्तव्य र अधिकार सेवा उपभोग गरिरहेका उपभोक्ताहरु मध्येबाट विभिन्न उप समिति गठन गरी सो उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ।

६. अभिलेख राख्नु पर्ने: (१) उपभोक्ता संस्थाले आफुले उपलब्ध गराएको सेवा उपभोग गरे बापत उपभोक्ताले तिर्नु बुझाउनु पर्ने सेवा शुल्क लगायत मर्मत संभारमा भएको खर्च समेत देखिने गरी आफ्नो कोषको मौज्दात समेतको अभिलेख अद्यावधिक गरी राख्नु पर्नेछ।

(२) उपभोक्ता संस्थाले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र उपभोक्ता संस्थाको आर्थिक विवरण र सो आर्थिक वर्षमा उपभोक्तालाई उपलब्ध गराएको सेवाको पूर्ण विवरण सहितको प्रतिवेदन सम्बन्धित सिंचाई कार्यालय समक्ष पेश गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

225

७. उपभोक्ता समन्वय संस्था : (१) नहर, शाखा नहर वा प्रशाखा नहरबाट बहेको पानी प्रयोग गर्ने उपभोक्ता संस्थाले त्यस्तो सिंचाई प्रणालीको प्रकृति तथा विस्तारका आधारमा आ-आफ्नो तर्फबाट एक एक जना प्रतिनिधि रहने गरी एउटा नहर, शाखा नहर वा प्रशाखा नहरको हकमा एउटा उपभोक्ता समन्वय संस्थाको गठन गर्नु पर्नेछ र सोको जानकारी सम्बन्धित सिंचाई कार्यालयलाई दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम गठन भएको उपभोक्ता समन्वय संस्थाले त्यस्तो नहर, शाखा नहर वा प्रशाखा नहरको संचालन, मर्मत संभार र पानी वितरण सम्बन्धी कार्यको समन्वय गर्नेछ।

८. उपभोक्ता समन्वय संस्थाको दर्ता : नियम ७ बमोजिम गठित उपभोक्ता समन्वय संस्थाको दर्ता नियम ३ बमोजिम हुनेछ। उपभोक्ता समन्वय संस्थाले आफ्नो कार्य सञ्चालन गर्ने विधि तथा अन्य आवश्यक कुरा आफैले निर्धारण गर्न सक्नेछ।

९. मर्मत संभार कोष : (१) उपभोक्ता संस्थाले सेवा शुल्क तथा अन्य आयको नब्बे प्रतिशतमा नघट्ने गरी सिंचाइ प्रणाली तथा संरचनाको मर्मत संभार कार्यको लागि छुट्टै कोष खडा गरी जम्मा गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको रकम मध्ये कम्तीमा नब्बे प्रतिशत रकम नहर, शाखा नहर तथा प्रशाखा नहरको मर्मत संभारको लागि छुट्याउनु पर्नेछ।

१०. परियोजना हस्तान्तरण : श्री ५ को सरकारले विकास गरेको कुनै परियोजना वा त्यस्तो परियोजनाको कुनै नहर, शाखा नहर, प्रशाखा नहर, कुलो वा कुलेसोलाई त्यस्तो नहर, शाखा नहर, प्रशाखा नहर, कुलो वा कुलेसो सञ्चालन गर्ने उद्देश्यले दर्ता भएको उपभोक्ता संस्थालाई हस्तान्तरण गर्न सक्नेछ।

११. परियोजना हस्तान्तरणका शर्त : नियम १० बमोजिम श्री ५ को सरकारले परियोजना हस्तान्तरण गर्दा अन्य शर्तको अतिरिक्त देहायका शर्त समेत राख्नु पर्नेछ :-

(क) हस्तान्तरित संरचना धितो बन्धकमा राख्न वा बेच बिखन, दान दातव्य, सट्टा पट्टा वा सम्झौता वा अन्य कुनै पनि प्रकारले हक छाडी अन्य कसैलाई हस्तान्तरण गर्न नपाईने,

(ख) संरचना नास्न, बिगार्न वा अदल बदल गर्न नपाइने,

तर, परियोजना हस्तान्तरण गर्ने सम्बन्धित सिंचाई कार्यालयको पूर्व स्वीकृतिमा आवश्यक मर्मत तथा संभार गर्ने प्रयोजनको लागि अदल बदल गर्न र पुन: प्रयोग गर्न नसकिने यन्त्र उपकरण लगायतका त्यस्तै राख्दा बिग्रन, नासिन सक्ने खालका अन्य वस्तु बेच-बिखन वा अन्य कुनै तरिकाले हस्तान्तरण गर्न सकिनेछ।

(ग) सिंचाईको पानीमा कमी आउने वा पानीको गुणस्तरमा ह्रास आउने कुनै पनि प्रकारको क्रियाकलाप गर्न नपाइने,

(घ) यस नियमावलीमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक उपभोक्ताले उपयोग गर्ने पानीको परिमाणमा कमी ल्याउन नपाइने,

(ङ) अन्य कुनै व्यक्ति वा संस्थालाई सञ्चालनको जिम्मा दिन नपाइने।

१२. वृक्षारोपण तथा रुख बिरुवाको संरक्षण: (१) नहर, शाखा नहर, प्रशाखा नहर, कुलो वा कुलेशोको किनारमा सम्बन्धित उपभोक्ता संस्थाले आवश्यकता अनुसार वृक्षारोपण गर्न सक्नेछ।

(२) नहर, शाखा नहर, प्रशाखा नहर, कुलो वा कुलेशोको किनारामा रहेका रुख बिरुवाको उचित संरक्षण सम्बन्धित उपभोक्ता संस्थाले गर्नेछ।

(३) नहर, शाखा नहर, प्रशाखा नहर, कुलो वा कुलेशोको किनारामा सडेका वा ढलेको अवस्थामा रहेको र काट छाँट नगरी नहुने अवस्थाको रुख बिरुवा उपनियम (४) बमोजिमको समितिको स्वीकृति लिई काट छाँट गर्न वा बिक्री गर्न सकिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
250

(४) उपनियम (३) को प्रयोजनको लागि देहायको एक समिति रहनेछ :-

(क) सम्बन्धित सिंचाई कार्यालयको प्रमुख - संयोजक

(ख) सम्बन्धित जिल्लाको सहायक प्रमुख जिल्ला अधिकारी. - सदस्य

(ग) सम्बन्धित उपभोक्ता संस्थाको अध्यक्ष -सदस्य

(५) उपनियम (४) बमोजिमको समितिको बैठक सम्बन्धी कुरा समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

१३. <u>संयुक्त व्यवस्थापन प्रणाली</u> : (१) नियम १० बमोजिम उपभोक्ता संस्थालाई पूर्ण रुपमा हस्तान्तरण गर्न नसकिने ठूला प्रकृतिका परियोजना श्री ५ को सरकार र उपभोक्ता संस्थाबीच सम्झौता गरी संयुक्त रुपमा सञ्चालन गर्न सकिनेछ ।

(२) उपनियम (१) बमोजिम श्री ५ को सरकार र उपभोक्ता संस्थाबीच सम्झौता भई सेवा सञ्चालन गर्दा सेवा शुल्क उठाउने, उपभोक्ता संस्थाले पाउने प्रतिशत तोक्ने, मर्मत संभार व्यवस्थापन लगायत ऐन तथा यस नियमावली बमोजिम गर्नु पर्ने कार्यको जिम्मेवारी र दायित्व समेत किटान गर्नु पर्नेछ ।

## परिच्छेद-३
## सिंचाई तथा नदी नियन्त्रण सम्बन्धी व्यवस्था

१४. <u>सिंचाई तथा नदी नियन्त्रण समितिको गठन</u> : (१) सिंचाईको विकास, विस्तार तथा संरक्षण सम्बन्धी कार्यका लागि प्रत्येक जिल्लामा एक सिंचाई तथा नदी नियन्त्रण समिति रहने छ ।

(२) सिंचाई तथा नदी नियन्त्रण समितिमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरु रहनेछन् :-

(क) प्रमुख जिल्ला अधिकारी -अध्यक्ष

(ख) प्रतिनिधि, जिल्ला विकास समिति -सदस्य

(ग) स्थानीय विकास अधिकारी -सदस्य

(घ) प्रतिनिधि, जिल्ला कृषि विकास कार्यालय -सदस्य

(ङ) प्रतिनिधि, जिल्ला वन कार्यालय -सदस्य

(च) प्रतिनिधि, जिल्ला भू-संरक्षण कार्यालय -सदस्य

(छ) प्रमुख, जिल्ला सिंचाई कार्यालय -सदस्य - सचिव

(३) समितिले आवश्यकता अनुसार सम्बन्धित विषयका विशेषज्ञ तथा अन्य प्रतिष्ठित व्यक्तिलाई बैठकमा भाग लिन आमन्त्रण गर्न सक्ने छ ।

१५. <u>सिंचाई तथा नदी नियन्त्रण समितिको बैठक</u>: (१) सिंचाई तथा नदी नियन्त्रण समितिको बैठक अध्यक्षले तोकेको समय, मिति र स्थानमा बस्नेछ ।

(२) बैठकको अध्यक्षता सिंचाई तथा नदी नियन्त्रण समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा समितिका सदस्यहरुले आफूमध्येबाट छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ ।

(३) सिंचाई तथा नदी नियन्त्रण समितिको कूल सदस्य संख्याको पचास प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) सिंचाई तथा नदी नियन्त्रण समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(५) सिंचाई तथा नदी नियन्त्रण समितिको निर्णय सिंचाइ तथा नदी नियन्त्रण समितिको सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(६) सिंचाई तथा नदी नियन्त्रणसँग सम्बन्धित कुनै काम एकभन्दा बढी जिल्लासँग सम्बन्धित हुने भएमा सम्बन्धित सबै जिल्लाका सिंचाई तथा नदी नियन्त्रण समितिको संयुक्त बैठक बसी यस नियमावली बमोजिमको अधिकार प्रयोग गर्न सक्नेछ ।

(७) सिंचाई तथा नदी नियन्त्रण समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सिंचाई तथा नदी नियन्त्रण समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

१६. सिंचाई तथा नदी नियन्त्रण समितिको काम कर्तव्य र अधिकार : सिंचाई तथा नदी नियन्त्रण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) जिल्ला भित्रका नहर, शाखा नहर, प्रशाखा नहर, कुलो, कुलेशो तथा यसका लगापात समेतमा र नदी नाला खोला आदिबाट हुने बाढी पहिरो जस्ता प्राकृतिक प्रकोप नियन्त्रण सम्बन्धी कार्य गर्ने तथा यस्तो प्राकृतिक प्रकोपको बचावट, नियन्त्रण र रोकथामका लागि आवश्यक तारजाली वितरण गर्ने, वितरित तारजालीको उचित प्रयोग भए वा नभएको अनुगमन गर्ने र सोको प्रतिवेदन समय समयमा श्री ५ को सरकार समक्ष पेश गर्ने,

(ख) सिंचाई विकास, विस्तार, संरक्षण तथा नदी नियन्त्रणका लागि श्री ५ को सरकार समक्ष आफ्नो राय सुझाव सहितको प्रतिबेदन पेश गर्ने,

(ग) सिंचाई र कृषि विकास कार्यक्रमका बीच आवश्यक समन्वय गर्ने, गराउने,

(घ) श्री ५ को सरकारद्वारा समय समयमा दिईएको निर्देशन पालन गर्ने र मागिएका सुझाव सल्लाह पेश गर्ने ।

१७. सिंचाई तथा नदी नियन्त्रण समितिको सचिवालय : सिंचाई तथा नदी नियन्त्रण समितिको सचिवालय सम्बन्धित जिल्लाको जिल्ला सिंचाई कार्यालयमा रहनेछ ।

परिच्छेद्-४

सेवा उपभोग सम्बन्धी व्यवस्था

१८. दरखास्त दिनु पर्ने : (१) श्री ५ को सरकारले विकास गरी संचालन गरेको वा श्री ५ को सरकारले विकास गरी उपभोक्तालाई हस्तान्तरण गरेको परियोजनाबाट सेवा उपभोग गर्न चाहने व्यक्तिले सम्बन्धित परियोजना कार्यालय समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दरखास्त परेपछि परियोजना कार्यालयले दरखास्तवालाको माग बमोजिम सेवा उपलब्ध गराउन सकिने वा नसकिने सम्बन्धमा प्राविधिक तथा अन्य आवश्यक कुराको जांचबुझ गरी सेवा उपलब्ध गराउनु पर्नेछ । सेवा उपलब्ध गराउन नसकिने भएमा दरखास्तवालालाई सोही बमोजिमको सूचना दिनु पर्नेछ ।

१९. उजुरी दिन सकिने : (१) नियम १८ को उपनियम (२) बमोजिम सेवा उपलब्ध गराउन नसकिने भनी दिएको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले सो निर्णय उपर पैंतीस दिनभित्र सम्बन्धित सिंचाई कार्यालय समक्ष उजुरी दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम पर्न आएको उजूरीको सम्बन्धमा सम्बन्धित सिंचाई कार्यालयले आवश्यक जांचबुझ गरी आदेश दिन सक्नेछ र सो आदेश अन्तिम हुनेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
252

२०. सेवा उपभोगको शर्त : (१) यस नियमावली बमोजिम उपलब्ध गराइएको सेवा उपभोग गर्ने उपभोक्ताले पालन गर्नु पर्ने शर्त श्री ५ को सरकारले विकास गरी संचालन गरेको सिंचाई प्रणालीको हकमा सम्बन्धित सिंचाई कार्यालयले, ऐनको दफा ११ बमोजिम हस्तान्तरित सिंचाई प्रणालीको हकमा सम्बन्धित उपभोक्ता संस्थाले र अनुमतिपत्र प्राप्त व्यक्तिले विकास गरी सञ्चालन गरेको सिंचाई प्रणालीको हकमा अनुमतिपत्र प्राप्त व्यक्तिले तोके बमोजिम हुनेछ।

(२) उपनियम (१) बमोजिम शर्त तोक्दा ऐन, यो नियमावली तथा अनुमतिपत्र दिंदा तोकिएको शर्त विपरीत नहुने गरी तोक्नु पर्नेछ।

२१. सेवा उपलब्ध गराउने आधार : (१) परियोजना कार्यालयले सेवा उपलब्ध गराउँदा जिल्ला कृषि विकास कार्यालयसँग परामर्श गरी पानी वितरणको प्राथमिकताक्रम निर्धारण गर्नेछ।

(२) उपनियम (१) बमोजिम प्राथमिकताक्रम निर्धारण गर्दा देहायका कुरालाई आधार मान्नु पर्नेछ :-

(क) सम्बन्धित क्षेत्रको भौगोलिक स्थिति,

(ख) जग्गाको क्षेत्रफल,

(ग) स्रोतमा उपलब्ध हुन सक्ने पानीको परिमाण,

(घ) जग्गामा लाउने बालीको किसिम,

(ङ) जग्गाको माटोको प्रकृति,

(च) संरचनाको क्षमता तथा अन्य प्राविधिक कुरा।

२२. सेवा कटौती गर्न सक्ने : (१) पानीको स्रोतबाट उपलब्ध हुन नसक्ने वा संरचनाको क्षमताभन्दा बढी परिमाणमा पानीको माग भई माग अनुसारको सेवा उपलब्ध गराउन सक्ने अवस्था नभएमा परियोजना कार्यालयले नियम २१ बमोजिम निर्धारित आधारको अधीनमा रही आंशिक रुपमा सेवा कटौती गर्ने निर्णय गर्न सक्नेछ।

(२) परियोजना कार्यालयले उपनियम (१) बमोजिम निर्णय गर्दा सम्बन्धित सिंचाई कार्यालय, सिंचाई तथा नदी नियन्त्रण समिति तथा सम्बन्धित स्थानीय निकायसँग परामर्श गर्नुपर्ने छ।

२३. सेवा बन्द गर्न सक्ने : परियोजना कार्यालयले देहायको अवस्थामा सेवा बन्द गर्न सक्नेछ :-

(क) उपभोक्ताले सेवा उपभोग गरे बापत बुझाउनु पर्ने सेवा शुल्क नबुझाएमा त्यस्तो सेवा शुल्क नबुझाएसम्म,

(ख) कुनै उपभोक्ताले परियोजना कार्यालय र उपभोक्ताबीच भएको सम्झौतामा उल्लिखित शर्त उल्लंघन गरेमा सोही सम्झौता बमोजिमको कारवाही पूरा नभएसम्म,

(ग) संरचना क्षतिग्रस्त भएमा वा हुने सम्भावना भएमा आवश्यक मर्मत सम्भार नगरेसम्म।

२४. सूचना दिनु पर्ने : परियोजना कार्यालयले नियम २२ वा २३ बमोजिम सेवा कटौती वा बन्द गर्नु परेमा सोको सूचना सम्बन्धित उपभोक्ता संस्था तथा स्थानीय निकायलाई दिनु पर्नेछ।

## परिच्छेद-५

## उपभोक्ताको कर्तव्य र दायित्व तथा सेवा शुल्क सम्बन्धी व्यवस्था

२५. उपभोक्ताको कर्तव्य र दायित्व : उपभोक्ताको कर्तव्य तथा दायित्व देहाय बमोजिम हुनेछ :-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) कसैले सेवा दुरुपयोग गरेको वा पानीको चुहावट गरेको वा त्यस्तो किसिमको क्रियाकलाप गरेको वा गर्न लागेको कुरा थाहा हुन आएमा तत्कालै परियोजना कार्यालयलाई सूचना दिने,

(ख) संरचनाको निर्माण, मर्मत सम्भार तथा सुरक्षाको कार्यमा परियोजना कार्यालयलाई आवश्यक सहयोग गर्ने ।

२६. सेवा शुल्क निर्धारण समितिको गठन : श्री ५ को सरकारले विकास तथा सञ्चालन गरेको वा श्री ५ को सरकारले विकास गरी उपभोक्ता संस्थालाई हस्तान्तरण गरेको परियोजनाबाट उपभोक्ताले सेवा उपभोग गरे बापत बुझाउनु पर्ने सेवा शुल्कको दर निर्धारण गर्न प्रत्येक जिल्लामा देहाय बमोजिमको सेवा शुल्क निर्धारण समितिको गठन हुनेछ :-

| | | |
|---|---|---|
| (क) | प्रमुख, जिल्ला सिंचाई कार्यालय | -अध्यक्ष |
| (ख) | प्रतिनिधि, जिल्ला कृषि विकास कार्यालय | -सदस्य |
| (ग) | सम्बन्धित उपभोक्ता संस्थाको अध्यक्ष | -सदस्य |

२७. सेवा शुल्क निर्धारण समितिको बैठक: (१) सेवा शुल्क निर्धारण समितिको बैठक सेवा शुल्क निर्धारण समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) सेवा शुल्क निर्धारण समितिको बैठक वर्षको कम्तीमा एक पटक बस्नेछ ।

(३) सेवा शुल्क निर्धारण समितिको बैठकको कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

२८. सेवा शुल्क निर्धारण समितिको काम, कर्तव्य र अधिकार: सेवा शुल्क निर्धारण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) परियोजनाको लागत, ह्रास कट्टी, उपयुक्त लाभ; मर्मत सम्भारमा लाग्ने खर्च, उपभोक्ताको संख्या, मूल्यसूचीको परिवर्तन आदि कुराको आधारमा सेवा शुल्कको दर निर्धारण गर्ने ,

(ख) श्री ५ को सरकार र सिंचाइ तथा नदी नियन्त्रण समितिले समय समयमा मागेका विवरण तथा परामर्श उपलब्ध गराउने,

(ग) सेवा शुल्कको दर हेरफेर गर्दा सिंचाइ तथा नदी नियन्त्रण समिति र श्री ५ को सरकारसँग परामर्श लिने ।

२९. सेवा शुल्क बुझाउनु पर्ने: (१) सेवा उपभोग गर्ने उपभोक्ताले यस नियमावली बमोजिमको सेवा शुल्क सम्बन्धित परियोजना कार्यालयलाई बुझाउनु पर्नेछ ।

(२) परियोजना कार्यालयले प्रत्येक उपभोक्तालाई उपलब्ध सेवा शुल्कको रकम बुझाएको रसिद गराउनु पर्नेछ ।

(३) श्री ५ को सरकार वा श्री ५ को सरकारले विकास गरी उपभोक्ता संस्थालाई हस्तान्तरण गरेको परियाजनाबाट सेवा उपभोग गर्ने उपभोक्ताले यस नियमावली बमोजिम बुझाउनु पर्ने सेवा शुल्क वा अन्य रकम नबुझाई बाँकी राखेमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

३०. विलम्ब शुल्क : (१) निर्धारित समयमा सेवा शुल्क नबुझाउने उपभोक्ताले परियोजना कार्यालयलाई तिर्नु बुझाउनु पर्ने सेवा शुल्कको अतिरिक्त विलम्ब शुल्क समेत तिर्नुपर्ने छ र त्यस्तो विलम्ब शुल्कको दर नियम २६ बमोजिम गठित सेवा शुल्क निर्धारण समितिले तोके बमोजिम हुनेछ ।

आधिकारिकता मुद्रण (ख) विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम बुझाउनु पर्ने शुल्क एकमुष्ट वा पटक पटक गरी किस्तावन्दीमा बुझाउन सक्नेछ। सेवा शुल्क र विलम्ब शुल्क बुझाउने तरीका र म्याद सेवा शुल्क निर्धारण समितिले तोकिदिए बमोजिम हुनेछ।

परिच्छेद - ६

सिंचाई परियोजना सम्वन्धी व्यवस्था

३१. परियोजना समितिको गठन: (१) श्री ५ को सरकारले तोकेको ठूला प्रकृतिका सिंचाई परियोजनाको कार्यान्वयनको लागि एक परियोजना समिति गठन गरिने छ।

(२) परियोजना समितिमा देहायका अध्यक्ष र सदस्यहरु रहने छन् :

(क) सचिव, जलस्रोत मन्त्रालय -अध्यक्ष

(ख) महानिर्देशक, सिंचाई विभाग -सदस्य

(ग) महानिर्देशक, कृषि विभाग -सदस्य

(घ) प्रतिनिधि, अर्थ मन्त्रालय -सदस्य

(ङ) प्रतिनिधि, राष्ट्रिय योजना आयोग -सदस्य

(च) प्रतिनिधि, सामान्य प्रशासन मन्त्रालय -सदस्य

(छ) सम्वन्धित परियोजना प्रमुख - सदस्य - सचिव

३२. परियोजना समितिको बैठक : (१) परियोजना समितिको बैठक परियोजना समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) बैठकको अध्यक्षता परियोजना समितिको अध्यक्षले गर्नेछ। अध्यक्षको अनुपस्थितिमा परियोजना समितिका सदस्यहरुले आफू मध्येबाट छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ।

(३) परियोजना समितिको कूल सदस्य संख्याको पचास प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(४) परियोजना समितिमा कुनै विषयमा छलफल भै मतदान हुँदा उपस्थित सदस्य सख्याको वहुमत सदस्यको मतलाई परियोजना समितिको निर्णय मानिनेछ।

(५) परियोजना समितिको निर्णय परियोजना समितिको सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ।

(६) परियोजना समितिको बैठक सम्वन्धी अन्य कार्यविधि परियोजना समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

३३. परियोजना समितिको काम, कर्तव्य र अधिकार : परियोजना समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) श्री ५ को सरकारले समय समयमा दिएको निर्देशन तथा मार्गदर्शन अनुरुप परियोजना समयमै सम्पन्न गराउने

(ख) परियोजनासँग सम्बद्ध डिजाइन, ड्रईङ आदि प्राविधिक कार्य गराउने,

(ग) परियोजनाको लागि आवश्यक कर्मचारीको दरवन्दी स्वीकृत गर्ने,

(घ) परियोजना सम्पन्न गर्नको लागि आवश्यक पर्ने अन्य कार्य गर्ने।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

254

३४. परियोजना प्रमुखको नियुक्ति : परियोजना प्रमुखको नियुक्ति श्री ५ को सरकारले गर्नेछ।

३५. परियोजनाको कर्मचारी सम्बन्धी व्यवस्था : (१) परियोजना सम्पन्न गर्नका लागि आवश्यक पर्ने कर्मचारी अस्थायी रुपमा परियोजना समितिले नियुक्ति गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम नियुक्ति भएका कर्मचारीको काम, कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त र सुविधा परियोजना समितिले स्वीकृत गरे बमोजिम हुनेछ।

३६. अधिकार प्रत्यायोजन : परियोजना समितिले आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार परियोजना प्रमुखलाई र परियोजना प्रमुखले आफूमा निहित अधिकार आफ्नो मातहतका कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

३७. परियोजनाको दायित्व सर्ने : परियोजना सम्पन्न भएपछि परियोजनाको सबै अधिकार र दायित्व तथा सम्पत्ति सम्बन्धित परियोजना रहेको जिल्लाको जिल्ला सिंचाई कार्यालयमा सर्नेछ।

३८. परियोजना इकाई कार्यालय : दुई वा दुईभन्दा बढी जिल्लामा विस्तारित परियोजनाले आवश्यकता अनुसार परियोजना इकाई कार्यालय स्थापना गर्न सक्नेछ।

## परिच्छेद् -७

## विविध

३९. संरचनाको सुरक्षा व्यवस्था : (१) संरचनाको सुरक्षा तथा पानीको चोरी, दुरुपयोग वा अनधिकृत प्रयोग हुन नदिनको लागि देहायका कार्य गर्न नपाउने गरी निषेध गर्न सकिनेछ :-

(क) संरचनामा अनधिकृत प्रवेश गर्न,

(ख) संरचना भत्काउन, बन्द गर्न वा त्यसमा अरु कुनै कुराको हेरफेर गर्न,

(ग) संरचनामा आउने जाने पानी घटाउन वा बढाउन,

(घ) संरचनाको पानी प्रदुषण गर्न,

(ङ) सिंचाईको प्रयोजनको लागि राखिएको सङ्केत वा चिन्ह बिगार्न वा सार्न,

(च) संरचनाको पानीको प्रवाह नियन्त्रण गर्ने कुनै यन्त्र वा सो यन्त्रको कुनै पार्टपुर्जालाई चलाउन, सार्न वा बिगार्न,

(छ) प्रवेश निषेध गरिएको सिंचाइ क्षेत्रभित्र कुनै चौपाया हिंडाउन, चराउन वा छाडा छाडन

(ज) प्रवेश निषेध गरिएको सिंचाइ क्षेत्रभित्र सवारी चलाउन,

तर सिंचाई क्षेत्रलाई हानी नपुग्ने गरी सम्बन्धित परियोजनाले तोकिदिएको शुल्क तिरी त्यस्तो निषेधित ठाउँमा सवारी चलाउन पाउने गरी अधिकार प्राप्त अधिकारीले स्वीकृति दिन सक्नेछ।

(झ) संरचनाले चर्चेको जग्गामा रहेको रुख, बिरुवा घाँसपात आदि काट्न, उखेल्न वा कुनै किसिमले नष्ट गर्न,

(ञ) नहरको डिल काट्न, नहर वा संरचनाबाट पानी जाने वा आउने स्रोत अदल बदल गर्न वा सो कुराको प्रयास गर्न,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार
२५६

(ट) संरचनालाई कम उपयोगी तुल्याउने गरी नदी वा खोलाको धारमा अवरोध खडा गरी पानीको बहाउलाई नियन्त्रण गर्न,

(ठ) सिंचाई व्यवस्थालाई प्रतिकूल असर पर्ने गरी नदी, खोला, छहरा, नाल, पोखरी वा त्यसको कुनै भागलाई कुनै किसिमसँग च्याप्ने वा मिच्ने काम गर्न,

(ड) स्वीकृति बेगर पम्पद्वारा पानी तान्ने काम गर्न ।

(२) उपनियम (१) बमोजिम निषेध गरिएको कुराको सूचना सम्बन्धित सिंचाई कार्यालय वा परियोजनाले सर्वसाधारणको जानकारीको लागि सम्बन्धित सिंचाई क्षेत्रको मुख्य मुख्य ठाउँमा र सिंचाई कार्यालयमा तथा जिल्ला प्रशासन कार्यालय र स्थानिय निकायमा टाँस्नु पर्नेछ ।

४०. <u>दण्ड सजाय दिने अधिकारी</u> : ऐनको दफा २२ को उपदफा (१), (२) तथा (३) बमोजिम सिंचाईसँग सम्बन्धित विषयमा दण्ड सजाय गर्ने अधिकार सम्बन्धित सिंचाई कार्यालयको प्रमुखलाई हुनेछ ।

४१. <u>निर्देशन दिन सक्ने</u> : (१) श्री ५ को सरकारले परियोजना समिति, सिंचाई तथा नदी नियन्त्रण समिति तथा सेवा शूल्क निर्धारण समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम दिएको निर्देशन पालना गर्नु सम्बन्धित समितिको कर्तव्य हुनेछ ।

४२. <u>जनसहभागिता</u> : (१) श्री ५ को सरकारले विकास निर्माण गर्ने कुनै सिंचाई परियोजनाको नहर, शाखा नहर वा प्रशाखा नहरबाट उपभोक्ताको जमीनमा पानी पुऱ्याउने प्रयोजनका लागि निर्माण गरिने कुलो वा कुलेसोको लागि आवश्यक जमीन सम्बन्धित उपभोक्ता संस्थाले करारको माध्यमद्वारा सिंचाई सम्बन्धी क्रियाकलाप चालु रहेसम्म प्रयोग गर्न पाउने गरी सम्बन्धित सिंचाई कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको कुलो तथा कुलेसो निर्माण गर्न लाग्ने लागत अनुमानको ०.२ प्रतिशतमा नबढ्ने गरी सम्बन्धित सेवा शूल्क निर्धारण समितिले तोके बमोजिमको प्रतिशतले हुन आउने रकम उपभोक्ता संस्थाले परियोजना निर्माण गर्नु पूर्व सम्बन्धित सिंचाई कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम उपभोक्ताबाट प्राप्त रकम उक्त परियोजना हस्तान्तरण भई सकेपछि कुलो कुलेसाको मर्मत सम्भारका लागि खर्च गर्ने गरी सम्बन्धित सिंचाई कार्यालयले उपलब्ध गराउनेछ ।

४३. <u>सिंचाई प्रणाली अनुगमन र प्रतिवेदन</u> (१) श्री ५ को सरकारले विकास गरी उपभोक्ता संस्थालाई हस्तान्तरण गरेको सिंचाई प्रणालीको वस्तुस्थिति, संरचनाको अवस्था, उपभोक्ताको सहभागिता आदि कुराको अनुगमन गर्न सम्बन्धित सिंचाई कार्यालयको प्रमुखको अध्यक्षतामा सम्बन्धित उपभोक्ता संस्थाको प्रतिनिधि समेतको सहभागिता रहेको एउटा अनुगमन समिति विभागले गठन गर्नेछ ।

(२) उपनियम (१) बमोजिमको समितिले प्रत्येक ६ महिनामा एक पटक बैठक बसी स्थलगत अध्ययन र उपभोक्ता सँग अर्न्तक्रिया समेत गरी सोको प्रतिवेदन श्री ५ को सरकार समक्ष पेश गर्नेछ ।

४४. <u>मूल्याङ्कन तथा गुणस्तर कायम</u> : (१) प्रत्येक विकास क्षेत्र भित्र संचालित सिंचाई परियोजना तथा जिल्ला सिंचाई कार्यालय द्वारा संचालित सिंचाई सम्बन्धी काम कारवाही गुणस्तर युक्त र आवधिक प्रगति लक्ष अनुरुप भए नभएको सम्बन्धमा सम्बन्धित क्षेत्रीय सिंचाई निर्देशकले आवश्यक जाँचबुझ गरी सम्बन्धित पदाधिकारीलाई आवश्यक निर्देशन दिन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

256

(२) उपनियम (१) बमोजिम दिइएको निर्देशन पालन गर्नु सम्बन्धित पदाधिकारीको कर्तव्य हुनेछ ।

(३) सम्बन्धित सिंचाई कार्यालय वा परियोजनाले आफ्नो कार्य प्रगति विवरण सम्बन्धित क्षेत्रीय सिंचाई निर्देशनालयमा पेश गर्नु पर्नेछ ।

४५. निर्देशिका बनाउन सक्ने : श्री ५ को सरकारले ऐन र यस नियमावलीको अधीनमा रही आवशयक निर्देशिका बनाई लागू गर्न सक्नेछ र त्यस्तो निर्देशिकाको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

४६. अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्ने : श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस नियमावलीको अनुसूचीमा आवश्यकता अनुसार हेरफेर तथा थपघट गर्न सक्नेछ ।

४७. खारेजी र बचाउ : (१) यस नियमावलीमा लेखिएको कुरामा यसै नियमावली बमोजिम र अन्य कुराको हकमा जलस्रोत नियमावली, २०५० बमोजिम हुनेछ ।

(२) सिंचाई नियमावली, २०४५ खारेज गरिएकोछ ।

(३) सिंचाई नियमावली, २०४५ अन्तर्गत भए गरेका सबै काम कारवाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची -१
( नियम ३ को उपनियम (१) संग सम्बन्धित )

उपभोक्ता संस्था दर्ताको लागि दिईने दरखास्त फाराम

श्री जिल्ला सिंचाई कार्यालय,
............... ........।

सिंचाईको सामूहिक उपयोग समेतको लागि उपभोक्ता संस्था दर्ता गर्न आवश्यक परेकोले सिंचाई नियमावली, २०५६ को नियम ३ को उपनियम (१) बमोजिम रु १००।- दस्तुर तथा उपभोक्ता संस्थाको विधान दुई प्रति समेत यसै साथ संलग्न राखी यो दरखास्त दिएकाछौ ।

१. उपभोक्ता संस्थाको नाम र ठेगाना :-

२. उपभोक्ता संस्थाको उद्देश्य :-

३. उपभोक्ता संस्थाले उपयोग गर्ने कुलो/कुलेसो/प्रशाखा/शाखा नहरको नाम:

४. उपभोक्ता संस्थाको पदाधिकारीहरुको नाम :-

५. उपभोक्ताहरुको मंजुरी लिखत

६. अन्य आवश्यक कुरा: (कुनै भए उल्लेख गर्ने)

माथि उल्लिखित विवरण ठिक साँचो छ।

उपभोक्ता संस्थाको तर्फबाट दरखास्त
दिने पदाधिकारीको-

पूरा नाम थर ..........................

पद ......................................

हस्ताक्षर ................................

ठेगाना ...................................



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

255

अनुसूची -२
(नियम ३ को उपनियम (३) संग सम्बन्धित)

श्री ५ को सरकार
जिल्ला सिंचाई कार्यालय.............

उपभोक्ता संस्था

दर्ता प्रमाणपत्र नं. .................

## उपभोक्ता संस्था दर्ता प्रमाणपत्र

मिति :

श्री ...............................
...............................

उपभोक्ता संस्था दर्ता गर्नको लागि त्यस संस्थाले मिति ........................ मा दिएको दरखास्तको सम्बन्धमा कारवाही हुँदा सिंचाई नियमावली, २०५६ को नियम ३ बमोजिम दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ ।

१. उपभोक्ता संस्थाको नाम र ठेगाना :-

२. उपभोक्ता संस्थाको उद्देश्य :-

३. उपभोक्ता संस्थाको पदाधिकारीहरुको नाम :-

४. उपभोक्ता संस्थाले उपयोग गर्ने कुलो/कुलेसो/प्रशाखा/शाखा नहर

प्रमाणपत्र दिने अधिकारीको,-

-----------------------------

कार्यालयको छाप

नाम :-

सही :-

पद :-

मिति :-

**आज्ञाले,**

**विश्वनाथ सापकोटा**
**श्री ५ को सरकारको सचिव**



३००
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार काठमाडौंमा मुद्रित ।
मुद्रण विभाग, सिंहदरबार